बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट

बाग्मती प्रदेश, नेपाल ।

मिति : २०७७।१०।२५

# गरिव परिवार पहिचानको लागि तथ्यांक संकलन सम्बन्धि सूचना ।

- बेलकोटगढी नगरपालिकाको सम्पूर्ण वडाहरुमा गरिव परिवारको पहिचानको लागि आवश्यक तथ्यांक संकलन कार्य संचालन हुन गइरहेको छ ।
- तथ्यांक संकलन गर्ने गणकहरु सम्बन्धित घर परिवारको घर आँगनमा आउने हुँदा घर आँगन भन्दा बाहेक अन्य कुनै पनि स्थानमा बसेर तथ्यांक संकलन गर्न नमिल्ने व्यहोरा अवगत गराउंदै गणकहरु आफ्नो गाउँ टोलमा कहिले आउछन् भन्ने बुझ्नको लागि आफ्नो वडा कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । साथै घरपरिवारको बासस्थानको GPS location समेत ट्रयाक हुने छ ।
- गरिव परिवारको तथ्यांक संकलनको क्रममा परिवारमुलिको फोटो खिचिने छ । नागरिकता प्रमाणपत्र नं. वा मतदाता परिचयपत्र नं. को समेत आवश्यकता पर्दछ ।
- तथ्यांक संकलनको लागि गणकहरुलाई कुनै पनि झुटो विवरण दिएको प्रमाणित भए कानून वमोजिम कारवाही हुने हुँदा आफ्नो घर परिवारको सत्यतथ्य विवरण दिनु हुन अनुरोध छ ।
- गरिव परिवारको पहिचान पश्चात गरिव परिवारको सूचीमा परेका तथा परिचयपत्र पाएका व्यक्तिले राज्यको तर्फबाट संचालन हुने सामाजिक सुरक्षा लगायतका राज्यले दिने अन्य सेवा सुविधा जस्ता विभिन्न कार्यक्रममा प्राथमिकताका आधारमा सहभागी हुन पाइने छ ।
- यस कार्यक्रमका लागि गणकहरुले लिएका तथ्यांकहरु गोप्य राखिने र अन्य प्रयोजनको लागि प्रयोग नहुने हुँदा सत्यतथ्य र यथार्थ विवरण स्पष्ट उपलब्ध गराई सहयोग गरिदिनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

२०७७।१०।२५

(दीपक प्रसाद खतिवडा)
प्रमुख प्रशासकीय अधिकृत